नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
मार्तडी, बाजुरा

प्रशासन ०९७-५४११२५
फ्याक्स नं. ०९७-५४११५१
Website : daobajura.moha.gov.np

प.सं. ०७८/०७९ च.नं. मिति : २०७८/०७/१२

## अत्यावश्यक प्रयोजनका लागि बाहेक द्रुत राहदानी सिफारिस नगरिने सम्बन्धी

**सूचना! सूचना!! सूचना!!!**

राहदानी विभाग, नारायणहिटी काठमाण्डौबाट यही कार्तिक अन्तिम हप्ताबाट विद्युतीय राहदानी जारी गर्न सुरु गरिने तथा विभागबाट राहदानी जारी गर्ने कार्य शुरु भएको करिब एक हप्ता पछि काठमाण्डौ उपत्यकाका तीन वटै जिल्ला प्रशासन कार्यालयहरु र त्यसको लगत्तै अन्य जिल्ला प्रशासन कार्यालयहरुबाट विद्युतीय राहदानी जारी गर्ने कार्य शुरु गरिने जानकारी प्राप्त भएको छ ।

राहदानी विभागको डाटा माइग्रेसनको कार्य, कार्यालय स्थानान्तरण गर्ने कार्य र विद्युतीय राहदानी जारी गर्न केन्द्रिय तहमा गरिने विभिन्न तयारी लगायतका कारणले हाल देखि तिहारको विदा समाप्त भएको करिव दुई हप्ता पश्चात सम्मका लागि सामान्य अवस्थामा द्रुत राहदानी जारी नगरिने तर आवश्यक भई कारण र प्रमाण सहित आएका सेवाग्राहीलाई भने सिमित द्रुत सेवा प्रवाह गर्न सम्भव हुने जानकारी समेत राहदानी विभागबाट प्राप्त भएको छ ।तसर्थ, साधारण राहदानी सिफारिस सम्बन्धी सेवा प्रदान गर्ने कार्य जारीनै रहेतापनि हाल देखि तिहार विदा समाप्त भएको दुई हप्तासम्मकालागि राहदानीको अत्यावश्यक काम भएको प्रमाण पेश गर्ने सेवाग्राहीहरुलाई मात्र द्रुत राहदानी सिफारिस गरिने भएकाले अत्यावश्यक कार्य भई द्रुत राहदानी बनाउनु पर्ने सेवाग्राहीहरुले उक्त प्रमाण ल्याउन हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ ।

साथै, राहदानी सिफारिसका लागि आउदा कतिपय सेवाग्राहीले आवश्यक कागजात नल्याउने गरेको देखिएको सन्दर्भमा उक्त कार्यका लागि सक्कलै नागरिकता प्रमाण पत्र र विवाहितका हकमा पति/पत्नीको नाम नागरिकता प्रमाण पत्रमा नखुलेको भए सक्कलै विवाह दर्ता प्रमाण पत्र समेत ल्याउनु हुन अनुरोध गरिन्छ ।

०७८/०७/१२
समीर भण्डारी
प्रमुख जिल्ला अधिकारी

**"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"**

"Covid 19 बाट आफु बचौं र अरुलाई पनि बचाऔं "

Email : bajuradao99@gmail.com/daobajura@moha.gov.np